आज मिति २०८०।०२।०३ गते बुधवारवार दिनको १: ०० बजे मिथिला नगरपालिकाको सभा हलमा नगर प्रमुख श्री महेन्द्र महतोज्यूको अध्यक्षतामा निम्न अनुसारको उपस्थितमा देहाय अनुसारको प्रस्तावहरुमा छलफल गर्न नगर कार्यपालिकाको बैठक बस्यो ।

उपस्थिति

| क्र.सं. | पदाधिकारीको नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री महेन्द्र महतो | नगर प्रमुख | |
| २ | श्री सुनिता सिंह बुढाथोकी | उप-प्रमुख | |
| ३ | श्री जोगी महतो | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री विहारी महतो कोइरी | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री राम एकवाल महतो | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री चन्द्रबहादुर बुलन तामाङ्ग | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री रामचन्द्र महतो | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री नन्द किशोर यादव | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री राम बहादुर स्याङ्गदन | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री बिरेन्द्र महतो | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री दीपक जंग थापा | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री सविन विक्रम थापा | वडा अध्यक्ष वडा नं. १० | |
| १३ | श्री बेद वहादुर कार्की | वडा अध्यक्ष वडा नं. ११ | |
| १४ | श्री अन्जु श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १५ | श्री मिना पजियार | कार्यपालिका सदस्य | मिता |
| १६ | श्री नगिना खातुन | कार्यपालिका सदस्य | नगिना |
| १७ | श्री कौशिल्या देवी | कार्यपालिका सदस्य | कौशिल्या |
| १८ | श्री इन्द्र कला कुमारी | कार्यपालिका सदस्य | |
| १९ | श्री महेन्द्र राउत | कार्यपालिका सदस्य | |
| २० | श्री विशेश्वर साह हलुवाई | कार्यपालिका सदस्य | |
| २१ | श्री सर्मिला सुनवार | कार्यपालिका सदस्य | |
| २२ | श्री बसन्त न्यौपाने | प्रमुख प्रशासकीय अधिकृत | |
| २३ | श्री [illegible] भण्डारी | ले. अ. | |
| २४ | श्री कृष्ण कुमार महतो | कार्यालय सहयोगी | |

## मिथिला नगरपालिका, नगर कार्यपालिकाको बैठकको प्रस्ताव तथा निर्णयहरु

## मिति २०८०।०२।०३

**बैठकका प्रस्तावहरु:**

प्रस्ताव नं.१) कानुन मस्यौदा समिति गठन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.२) प्रशासकीय संगठन र कर्मचारी दरवन्दी सम्बन्धी संगठन तथा व्यवस्थापन (Organiszation & Management) सर्भेक्षण समिति गठन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.३) नगरपालिकाको प्रशासकीय भवन निर्माणको लागि जग्गा प्राप्तिको प्रकिया अगाडी वढाउने सम्वन्धमा ।

प्रस्ताव नं.४) क्रिटिकल केयर तथा ट्रमा सेन्टर सहितको अस्पताल निर्माण कार्यको लागि जग्गा प्राप्तिको प्रकिया अगाडी वढाउने सम्वन्धमा ।

प्रस्ताव नं.५) सहकारी संस्थाको क्षेत्र विस्तार सम्बन्धमा ।

प्रस्ताव नं.६) विषयगत समितिबाट प्राप्त सिफारिस सम्बन्धमा ।

प्रस्ताव नं.७) स्थानीय नगर शिक्षा समितिबाट प्राप्त सिफारिस सम्बन्धमा ।

प्रस्ताव नं.८) आर्थिक सहायोग/कार्यक्रम थप गर्न/सहायता/राहत सम्बन्धी परेका निवेदनहरु सम्वन्धमा ।

प्रस्ताव नं.९) जमुनिवास-३,खानेपानी तथा सरसफाई आयोजना निर्माणमा युनिसेफसंग लागत सहभागिता सम्वन्धमा ।

प्रस्ताव नं.१०) आगामी आ.ब.२०८०/०८१को वजेट तथा कार्यक्रम तर्जुमाको लागि नगर अधिवेशनको तयारी सम्वन्धमा ।

प्रस्ताव नं.११) नवीकरणीय ऊर्जा प्रवधि जडान(वायोग्याँस/विद्युतीय चुलो/सुधारिएको चुलो/सौर्य ऊर्जा) सम्वन्धमा ।

प्रस्ताव नं.१२) मिथिला नगरपालिका वडा नं.६को सार्वजानिक स्थानमा पोखरी पुर्ने सम्वन्धमा ।

प्रस्ताव नं.१३) विविध सम्वन्धमा ।

बैठकका निर्णयहरु:

निर्णय नं.१) प्रस्ताव नं.१ मा छलफल गर्दा स्थानीय तहलको अधिकार क्षेत्र भित्र रहेको कार्यपालिकाबाट स्वीकृत लिई कानुन मस्यौदा निर्माण गर्न स्थानी सरकार सचालन ऐन, २०७४ को दफा १४ मा व्यवस्था भए वमोजिम निम्नानुसारको सदस्य रहने गरी कानुन मस्यौदा समिति गठन गर्ने निर्णय गरियो ।

तपिसल

१. नगर प्रमुख श्री महेन्द्र महतो - संयोजक
२. नगर उप प्रमुख श्री सुनिता सिंह वुढाथोकी - सदस्य
३. वडा अध्यक्ष श्री सविन विक्रम थापा - सदस्य
४. वडा अध्यक्ष श्री जोगी महतो - सदस्य
५. कार्यपालिका सदस्य श्री विशेश्वर साह हलुवाई - सदस्य
६. प्रमुख प्रशासकीय अधिकृत - सदस्य-सचिव

निर्णय नं.२) प्रस्ताव नं.२ मा छलफल गर्दा स्थानीय सरकार संचालन ऐन, २०७४को दफा ८३ मा व्यवस्था भए वमोजिम हाल कायम रहेको प्रशासकीय संगठन र कर्मचारी दरवन्दीमा आवश्यक अध्ययन र विश्लेषण गरी थप/घट गर्नु पर्नु आवश्यकता देखिएकोले सो विषयमा अध्ययन र विश्लेषण गरी संगठन तथा व्यवस्थापन सम्बन्धी सर्भेक्षण गरी आगामी नगर सभा अगावै प्रतिवेदन पेश गर्न प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा निम्नानुसार सदस्य रहेको गरी समिति गठन गर्ने निर्णय गरियो।

तपसिल

१. प्रमुख प्रशासकीय अधिकृत - सदस्य
२. विषयगत शाख प्रमुखहरु - सदस्य
३. आर्थिक प्रशासन शाख प्रमखु - सदस्य
४. प्रशासन शाखा प्रमुख - सदस्य-सचिव

निर्णय नं.३) प्रस्ताव नं.३ मा छलफल गर्दा मिथिला नगरपालिकाको नाममा आफ्नो जग्गा नभएको कारणले प्रशासकीय भवन निर्माण गर्न नसकिएको र सरल, सहज र प्रभावकारी रुपमा दैनिक सेवा प्रवाह गर्न प्रशासकीय भवन निर्माण गर्न अति आवश्यक भएकाले यस

कार्यालयमा कार्यरत अमिन वचन कुमार यादवले दिएको प्रतिवेदन अनुसार हाल अस्थायी रुपमा कार्यालय संचालन भएको स्थानको आसपासको तपसिल वमोजिमको जग्गामा प्रशासकीय भवन र अन्य आवश्यक पूर्वाधार निर्माण गर्ने प्रयोजनको लागि भोगाधिकार उपलब्ध गराइ दिने प्रक्रिया अगाडी बढाई दिन "सार्वजानिक प्रकृतिको जग्गा प्रयोग गर्न उपलब्ध गराउने सम्बन्धि मापदण्ड,२०७७" वमोजिम भुमिसुधार तथा मालपोत कार्यालय, धनुषा, जनकपुरधाममा सिफारिस गरी पठाउने निर्णय गरियो ।

**तपसिल**

| सि.नं. | जग्गा भएको स्थान | | कित्ता नं. | क्षेत्रफल | किसिम |
|---|---|---|---|---|---|
| | साविक | हाल | | | |
| १ | ढल्केवर गा.वि.स. वडा नं. ४ | मिथिला न पा.७ | २३ | ०-१३-८ | ऐलानी पर्ति |
| २ | ढल्केवर गा.वि.स. वडा नं. ४ | मिथिला न.पा ७ | ३०१८ | ०-१५-३ | सरकारी ऐलानी |
| ३ | ढल्केवर गा.वि.स. वडा नं. ४ | मिथिला न.पा ७ | ११४ | १-०-५ | ऐलानी पर्ति )नदि उकास( |
| जम्मा | | | | २-८-१६ | |

निर्णय नं.४) प्रस्ताव नं.४ मा छलफल गर्दा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट प्राप्त स्वीकृत वार्षिक कार्यक्रम र अख्तियारी अनुसार "एकिकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रम अन्तर्गत क्रिटिकल केयर तथा ट्रमा सेन्टर सहितको अस्पताल निर्माण कार्य ढल्केवर,धनुषाको" लागि वजेट विनियोजन भइ आएको एवम् यसअधि तहाँ नगरपालिकाबाट उपलब्ध गराइएको जग्गा सो संरचना निर्माणका लागि उपयुक्त नभएकोले पूर्व पश्चिम राजमार्गबाट करिव ५०० मिटर दाँया वाँया भित्र पर्ने बाढी एवम् डुवानको जोखिम नरहेको क्षेत्रफल ३-०-०(तिन विघा) जग्गा उपलब्ध गराई कार्यक्रम कार्यान्वयनमा सहयोग गरी दिन संघिय आयोजना कार्यान्वयन इकाई धनुषा जनकपुरधाम को प.स.२०७७/०७८ च.नं. ४८८ मिति २०७७/०८/२३ र प.स.२०७८/०७९ च.नं. १११३ मिति २०७८/११/१३ को पत्रबाट अनुरोध भै आएको ।

यस मिथिला नगर कार्यपालिकाको मिति २०७८/०९/०४ मा वसेको बैठकबाट उक्त अस्पताल निर्माणको लागि मिथिला न.पा. वडा नं.७ गैरी टोलमा अवस्थित नक्सा नं.२क कित्ता नं. १६९ को क्षेत्रफल अन्दाजी ४(चार) विघा ऐलानी पर्ति जग्गा उपलब्ध गराउन सम्बन्धित निकायमा सिफारिस गरी पठाउन निर्णय भएको ।

उक्त अस्पताल निर्माण गर्न अति आवश्यक भएको र सोको लागि आवश्यक पर्ने जग्गाको भोगाधिकारी र स्वामित्वको सम्बन्धमा नेपाल सरकारबाट निर्णय हुनु पर्ने भएकोले "सार्वजानिक प्रकृतिको जग्गा प्रयोग गर्न उपलब्ध गराउने सम्बन्धि मापदण्ड,२०७७" को दफा-७ वमोजिम सिफारिस समितिमा राखी क्रिटिकल केयर तथा ट्रमा सेन्टर सहितको अस्पताल निर्माण प्रयोजनको लागि मिथिला नगरपालिका वडा नं. ७ स्थित गैरीटोलमा रहेको नक्सा नं.२क कित्ता नं. १६९ को क्षेत्रफल अन्दाजी ४(चार) विघा जग्गा प्रयोग गर्ने गरी सोको भोगाधिकारको लागि प्रक्रिया अगाडी बढाई दिन भुमिसुधार तथा मालपोत कार्यालय, धनुषा, जनकपुरधाममा सिफारिस गरी पठाउने निर्णय गरियो ।

निर्णय नं.५) प्रस्ताव नं.५ मा छलफल गर्दा यस नगरपालिको क्षेत्र भित्र संचालित निम्न सहकारी संस्थाहरुले आवश्यक कागजात सहित क्षेत्र विस्तारको लागि निवेदन दिएको सम्बन्धमा छलफल गरियो ।

**तपसिल**

| क.स | सहकारीको नाम | ठेगाना | दर्ता नं. र मिति | हाल कायम रहेको क्षेत्र | माँग गरेके क्षेत्र विस्तार | दर्ता भएको निकाय |
|---|---|---|---|---|---|---|
| १ | बडहरी वचत तथा ऋण सहकारी संस्था लिमिटेड | मिथिला न.पा.-९ | ५३९/०६२/०६३ | वडा नं. ८,९,१०,११ सावी वेंगाडावर र तुलसी गा.वि.स | मिथिला नगरपालिका भरी | सहकारी प्रशिक्षण तथा डिविजन सहकारी कार्यालय भरतपुर, चितवन |
| २ | श्रमजिवि बचत तथा ऋण सहकारी संस्था लिमिटेड | मिथिला न.पा.-८ | १३/०७७/०७८ | मिथिला नगरपालिका वडा नं.८ भरी | मिथिला नगरपालिका भरी | मिथिला नगरपालिका |

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (ख) को देहाय (१) (२) र (३) मा व्यवस्था भए वमोजिम यस नगरपालिकाबाट कानुन निर्माण भै नसकेकाले अव उप्रान्त कानुन वनाई कार्यान्वयन गर्ने गरी हाललाई उक्त सहकारी संस्थाहरुले माग गरे अनुसार क्षेत्र विस्तार गर्न अनुमति दिने निर्णय गरियो ।

निर्णय नं.६) प्रस्ताव नं.६ मा छलफल गर्दा विषयगत समितिबाट पेश भएका सिफारिस सम्बन्धमा निम्नानुसार गर्ने निर्णय गरियो।

क. आर्थिक विकास समितिको मिति २०८०/०१/२६ गते र २०८०/०२/०२ गते भएको बैठकका सिफारिसहरु अनुमोदन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

ख. सामाजिक विकास समितिको मिति २०८०/०२/०२गतेको बैठकबाट भएका सिफारिस अनुमोदन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं.७) प्रस्ताव नं.७ मा छलफल गर्दा स्थानीय नगर शिक्षा समिति र शिक्षा शाखाबाट पेश भएका सिफारिस सम्बन्धमा निम्नानुसार गर्ने निर्णय गरियो ।

क. शिक्षा समितिको मिति २०७९/१२/२२, २०८०/०१/११ र मिति २०८०/०१/१७ गते भएका बैठकका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

ख. नगर शिक्षा समितिबाट निर्णय भएका तपसिल वमोजिमको कार्य गर्दा लाग्ने तपसिल वमोजिम रहन नगर शिक्षा कोषबाट विनियोजन गरी भुक्तानी दिने निर्णय गरियो ।

<u>तपसिल</u>

१. नगर शैक्षिक क्यालेण्डर -रु.१७२५००.००

२. अतिरिक्त कक्षा (कोचिङ्ग) संचालन -रु.२३४०००.००

३. बार्षिक परिक्षा खर्च -रु.१६८०००.००

४. मिथिला ज्ञानमाला छपाई -रु.२१७९२५.००

ग. विधालयमा अध्ययनरत छात्राहरुको लागि सेनेटरी प्याड खरिद गर्न सेनेटरी प्याड व्यवस्थापन कार्यविधि,२०७६ को अनुसुचि-१ मा उल्लेखित स्पेशिफिकेशन प्रयोग गर्ने।

निर्णय नं.८) प्रस्ताव नं.८ मा छलफल गर्दा आर्थिक सहयोग/कार्यक्रम थप गर्न/सहायता/राहत सम्बन्धी परेका निवेदनहरु मध्ये तपसिल वमाजिम उपलब्ध गराउने निर्णय गरियो।

क.श्री विश्वनाथ अरुला आधारभुत विधालय इनार मर्मतका लागि मर्मत सम्भार कोषबाट रु.६००००।००

ख. आर्थिक सहयोग राजन माझीको काज कियाका लागि अन्य सामाजिक सहायता शिर्षकबाट रु.२५०००।००

ग. अधुरो मिथिला चौक देखि पुर्व पि.प.सि बाटो ढलानका लागि मर्मत सम्भार कोषबाट रु.३०००००।००

घ. मिथिला वडा न. ११ को अधुरो ढलान बाटो निर्माणका लागि मर्मत सम्भार कोषबाट रु.१०००००।००

ङ. मिलन टोल नयाँ वस्तीमा मिथिला न.पा १० इनार मर्मतका लागि मर्मत सम्भार कोषबाट रु.५००००।००

च. दिपक यादब आगो लागी क्षतिपुर्ति भएकोले आर्थिक सहयोग माग भएकोमा अन्य सामाजिक सहायता शिर्षकबाट रु.४००००।००

छ. श्री देव नारायण यादवको इनार मर्मतका लागि मर्मत सम्भार कोषबाट रु.३००००।००

निर्णय नं.९) प्रस्ताव नं.९ मा छलफल गर्दा युनिसेफको क्षेत्रिय कार्यालय जनकपुरको प.स २०७९/०८० च.नं. ३७ मिति २०८०/०१/१४ को पत्रबाट यस नगरपालिकाको वडा नं. ८ स्थित जमुनिवास खानेपानी तथा सरसफाई आयोजना मर्मत सुधारको लागि कुल लागत अनुमान रु.३४,८३,६१०।०० मध्ये नपुग वजेट रु.९,६१,०००।०० पालिकाबाट व्यहोर दिन अनुरोध भै आएको र उक्त आयोजना मर्मत सम्भार गर्न आवश्यक भएकोले नगरपालिको समपुरक कोष (म्याचिङ्ग फण्ड) बाट रु.९,६१,०००।०० व्यहोर्ने निर्णय गरियो ।

तपसिल

| | |
|---|---|
| युनिसेफ नेपाल र मधेश प्रदेश उर्जा तथा खानेपानी विकास मन्त्रालयबाट | रु.२०,००,०००।०० |
| समुदाय र वडाबाट | रु.५,२२,६१०।०० |
| नगरपालिकाबाट | रु.९,६१,०००।०० |
| कुल जम्मा | रु.३४,८३,६१०।०० |

निर्णय नं.१०) प्रस्ताव नं.१० मा छलफल गर्दा आगामी आ.ब.२०८०/०८१को नगर अधिवेशनको तयारी सम्बन्धमा निम्नानुसार गर्ने निर्णय गरियो ।

क. निम्नानुसारको पदाधिकारी रहेको वार्षिक निति तथा कार्यक्रम तर्जुमा समिति गठन गर्ने ।

तपसिल

१. उप प्रमुख श्री सुनिता सिंह वुढाथोकी - संयोजक
२. वडा अध्यक्ष श्री राम बहादुर स्याङ्गदन - सदस्य
३. वडा अध्यक्ष श्री दिपक जंग थापा - सदस्य
४. वडा अध्यक्ष श्री राम चन्द्र महतो - सदस्य
५. कार्यपालिका सदस्य श्री अन्जु श्रेष्ठ - सदस्य
६. कार्यपालिका सदस्य श्री कैशिल्या देवी महरा - सदस्य
७. कार्यपालिका सदस्य श्री विशेश्वर साह हलुवाई - सदस्य
८. अधिकृत छैठौं (लेखा अधिकृत) श्री गणेश प्रसाद भण्डारी - सदस्य
९. अधिकृत छैठौं (प्रशासन प्रमुख) श्री दिपेश कुमार काफ्ले - सदस्य-सचिव

ख. स्थानीय राजस्व परामर्श समिति र स्थानीय स्रोत अनुमान तथा सिमा निर्धारण समितिको बैठक २०८० जेष्ठ १५ गते भित्र सम्पन्न गर्ने ।

निर्णय नं.११) प्रस्ताव नं.११ मा छलफल गर्दा नवीकरणीय ऊर्जा प्रवधि जडान(सौर्य ऊर्जा) ढल्केवर स्वास्थ्य चौकीमा जडान गर्ने निर्णय गरियो ।

निर्णय नं.१२) प्रस्ताव नं.१२ मा छलफल गर्दा मिथिला नगरपालिका वडा नं.६को सार्वजानिक पोखरी अबैध उत्खन्न लगायत सबै वडामा भएका यस्ता कार्यहरुको सम्बन्धमा स्थालगत रुपमा निरिक्षण एवम् छनविन् गरी राय/सुझाव/ आवश्यक कार्यवाही सहितको प्रतिवेदन १५ दिन भित्र पेश गर्ने गरी तपसिलको सदस्य रहने गरी समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

१. कार्यपालिका सदस्य श्री विशेश्वर साह हलुवाइ - संयोजक
२. वडा अध्यक्ष श्री सविन विक्रम थापा - सदस्य
३. वडा अध्यक्ष श्री जोगी महतो - सदस्य
४. वडा अध्यक्ष श्री राम चन्द्र महतो - सदस्य
५. कार्यपालिका सदस्य श्री मिना पजियार- सदस्य
६. अमिन श्री वचन कुमार यादव - सदस्य
७. इन्जिनियर श्री जय गणेश सिंह- सदस्य-सचिव

निर्णय नं.१३) प्रस्ताव नं.१३ मा छलफल गर्दा तपसिल वमोजिम गर्ने निर्णय गरियो ।

क. मिति २०८०/०२/०३ गते बुधवार दिन नगर प्रमुख श्री महेन्द्र महतो ज्यूको अध्यक्षतामा वसेको बैठकबाट गठीत यस मिथिला नगरपालिका वडा नं.१० मा संचालनमा रहेको लालगढ खानेपानी तथा सरसफाई उपभोक्ता समितिको तदर्थ समितिलाई अनुमोदन गर्ने ।

## तपसिल

१.श्री सविन विक्रम थापा - संयोजक

२. श्री मधाव प्रसाद दाहाल - सदस्य

३. श्री विजय साह - सदस्य

४. श्री शुक्रमान थोकर - सदस्य

५. श्री तारा प्रसाद धमला - सदस्य

६. श्री ज्ञान बहादुर स्याङ्ग्वो - सदस्य

७. श्री अमृत रासकोटी मगर - सदस्य

८. श्री लक्ष्मी महतो - सदस्य

९. श्री सुमन लामिछाने - सदस्य

१०. श्री दिपक जंग थापा - पदेन-सदस्य

ख. लालगढ युवा समाज मिथिला नगरपालिका वडा नं. १०द्धारा विजया दशमीको पावन अवसरमा मिति २०७९/०६/०६ देखि २०७९/०६/१५ गते सम्म संचालन गरिएको दोश्रो मेयर कप खेलकुद प्रतियोगिता संचालन गर्न नगर प्रमुखबाट आदेश भएवमोजिम मिति २०७९/०५/२८ गतेको पत्रबाट माग भए अनुसार मिति २०७९/०९/२६को कार्यपालिका बैठकबाट हिउँदे नगर सभाबाट वजेट व्यवस्था गर्ने निर्णय वमोजिम लागेको विल भरपाई अनुसारको रकम वढीमा रु.२,५०,०००।०० (दुइ लाख पचास हजार मात्र) सम्म नगर भरी खेलकुद शिर्षकबाट खर्च लेख्ने गरी लालगढ युवा समाज मिथिला नगरपालिका वडा नं. १०लाई भुक्तनी दिने ।

ग. मिथिला नगरपालिका क्षेत्र भित्र कुनै पनि संघ/संस्था/समुह/व्यवसायी तथा व्यक्तीहरुले कार्यक्रम संचलान गर्नु पूर्व अनिवार्य रुपमा नगरपालिकको अनुमति/स्वीकृती लिएर मात्र कार्यक्रम संचालन गर्नुपर्ने ।